Rupantaran: A Multidisciplinary Journal
Vol. IX: PP 186-196, January, 2025
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v9i01.73570
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# विद्यालय शिक्षामा निःशुल्क शिक्षाको कार्यान्वयन

रमेशप्रसाद लुइटेल[१]
इमेल**:** *rluitel36@gmail.com*

## लेखसार

प्रस्तुत लेख 'विद्यालय स्तरमा निःशुल्क शिक्षाको कार्यान्वयन' भन्ने शीर्षकमा तयार पारिएको छ। यसको मुख्य उद्देश्य विद्यालयमा निःशुल्क शिक्षा कार्यान्वयनको वर्तमान अवस्था पत्ता लगाई त्यसमा देखिएका समस्या विश्लेषण गरी समाधानका उपाय सुझाउनु रहेको छ। यो धनकुटा जिल्लाको धनकुटा नगरपालिकामा १–१२ सञ्चालित माध्यमिक विद्यालय र सहिदभूमि गाउँपालिकामा सञ्चालित १–५ स्थित प्रा.वि.लाई सुविधाजनक नमुना छनौट पद्धतिका आधारमा छनोट गरिएको हो। यो लेख तयार पार्दा नमुना छनौटमा परेका व्यक्तिबाट अन्तर्वार्ता, प्रश्नावली र छलफलका आधारमा तथ्याङ्क सङ्कलन गरी उक्त शाब्दिक र लिखित रुपमा आएका कुरालाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएकाले यो पूर्णत गुणात्मक ढाँचामा आधारित छ। विद्यालय शिक्षा निःशुल्क भने पनि मासिक शुल्क मात्र सरकारले मिनाहा गरेको त्यसका अतिरिक्त विद्यालय व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भौतिक निर्माण तर्फ लाग्ने रकम, दिवाखाजामा लाग्ने अपुग रकम, परीक्षा शुल्क, खेलकुद शुल्क, पुस्तकालय शुल्क, विद्यालयले निर्धारण गरेको क्यालेन्डर अनुसार शैक्षिक अवलोकन भ्रमण शुल्क र अन्य विविध शीर्षकमा लाग्ने शुल्क आवश्यकताको पहिचान गरी जिम्मेवार विभिन्न निकायले उपलब्ध गराएको रकम त्यसको सदुपयोग के, कसरी भएको छ बारम्बार हेरी पृष्ठपोषण दिई मूल्याङ्कनका आधारमा व्यवस्थापन गर्दै गए मात्र माध्यमिक तहसम्मको शिक्षा पुरै निःशुल्क गर्न सकिन्छ।

*मुख्य शब्दावली :* नि:शुल्क शिक्षा, आधारभूत तह, दिवा खाजा

## परिचय

विद्यालय भर्ना भई अध्ययन गर्ने बालबालिकाहरुबाट कुनै पनि शीर्षकमा शुल्क नलिई उनीहरुलाई शिक्षा उपलब्ध गराउनु वा शिक्षा लिने अवसरको सदुपयोग गर्न दिनुलाई निःशुल्क शिक्षा भनिन्छ। बालबालिकाका अभिभावकसँग कुनै पनि प्रकारको शुल्क नलिने, विद्यार्थी पोशाक, यातायात, खाना र खाजामा लाग्ने अप्रत्यक्ष शुल्कलाई घटाउँदै लाने र प्रत्यक्ष शुल्कलाई विद्यालय, समुदाय, स्थानीय, प्रादेशिक र संघीय सरकारद्वारा न्यूनीकरण गर्ने काम निःशुल्क शिक्षाभित्र पर्दछ (भट्टराई र जि.सी. २०८०)। शिक्षा व्यक्तिको आधारभूत आवश्यकता हो भने शिक्षा व्यक्तिको मानव अधिकार पनि हो। त्यसैले सबैलाई शिक्षाको न्यायोचित अवसर

[१] लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा शिक्षा योजना तथा व्यवस्थापन विषयमा उप प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।

प्रदान गर्नुपर्छ । हाम्रो समाज बहुभाषिक, बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुवर्गीय पनि छ । सबैको आर्थिक हैसियत समान छैन, फलस्वरुप सबैले शुल्क तिरी विद्यालय शिक्षा लिन पनि सक्दैनन । नेपालको शैक्षिक इतिहासलाई दृष्टिगत गर्दा प्राचीन समयको बैदिक शिक्षा प्रणाली वा गुरुकूल शिक्षा प्रणालीमा अध्ययन गर्न आउने शिष्यलाई गुरुहरुले नै आवास र भोजन समेतको व्यवस्था गरी निःशुल्क शिक्षा दिने व्यवस्था गर्थे भने पढाइ सकेपछि विद्यार्थीहरुले गुरुहरुलाई श्रद्धापूर्वक भोजन, द्रब्य तथा अन्न आदिको गुरु भेटी राखी ढोग दिई आशीर्वाद लिई बस्थे । त्यसपछि लिच्छविकालीन शिक्षा व्यवस्थामा शिक्षाप्रेमी र दाताहरुको दानबाट शिक्षा केन्द्रहरु सञ्चालन हुन्थे भने विभिन्न व्यक्तिको व्यक्तिगत प्रयासबाट पनि शिक्षा केन्द्रको लागि गुठी राख्ने गरिन्थ्यो । मन्दिरहरुमा पनि अशक्तहरुको दैनिक भोजन तथा कर्मकाण्ड र संस्कृत पढ्नेले निरन्तर भोजन पावस भनी गुठी स्थापना हुन्थे त्यसकै आम्दानीबाट विद्यार्थीलाई निःशुल्क पढ्ने व्यवस्था मिलाइएको थियो । पछि पृथ्वीनारायण शाहको पालामा नेपाल एकीकरणको अभियानमा मारिएका सैनिकका छोराछोरीलाई छात्रवृत्ति दिई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाए त्यसबेला धनी बाबुआमाले आफ्ना बालकहरुलाई लेखपढ गराउन शिक्षक नियुक्त गर्दथे भने बढी आवादी भएको ठाउँमा संस्कृत विद्वानहरुले संस्कृत पाठशाला खोल्थे । पाठशालामा कुनै शुल्क नलिईकन परोपकारी दानबाट चलाइन्थ्यो । पछि राणाकालीन समयमा देवशमशेरले शिक्षालाई व्यापक गराउन तत्कालीन समयको दरबार स्कुलमा प्रवेश लिई पढ्न आउने विद्यार्थीलाई वार्षिक नौ मुरी धान र रु. ५ भत्ताको व्यवस्था गरे (लुइटेल, २०६६) । सन् १९९० को थाइल्याण्डको जोम्तिनमा भएको सबैको लागि शिक्षा अन्तर्राष्ट्रिय सम्मेलनले पनि शिक्षा प्रदान गर्नुलाई राज्यको दायित्वभित्र राखेको छ । त्यसैले न्यूनतम वा आधारभूत शिक्षा पूर्णत निःशुल्क हुनुपर्छ भन्ने मान्यता राखेको छ सो कुरामा नेपालले पनि प्रतिवद्धता जनाई हस्ताक्षर गरेको छ (ढुङ्गाना, २०७९) । त्यसैले सबैलाई शिक्षाको अवसर उपलब्ध गराई शिक्षाको मूलधारमा ल्याउनुपर्छ र मात्र निराक्षरताको उन्मुलन हुँदै जान्छ । नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ को उपधारा २ ले प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकलाई सुनिश्चित गरेको छ । (नेपालको संविधान २०७२) ।

शिक्षालाई निःशुल्क बनाउनको लागि समय–समयमा प्रसस्तमात्रामा अन्तर्राष्ट्रिय प्रयासहरु पनि भएको पाइन्छ । सन् १९६० मा पाकिस्तानको कराँचीमा सम्पन्न दक्षिण एसियाली राष्ट्रहरुको क्षेत्रीय सम्मेलनले सबैभन्दा पहिले निःशुल्क प्राथमिक शिक्षाको अवधारणा ल्याएको थियो । सन् १९९४ को स्पेनको सालामान्कामा सम्पन्न विशेष आवश्यकता सम्बन्धी बालबालिकाहरुको अन्तर्राष्ट्रिय सम्मेलनले पनि विशेष आवश्यकता भएका बालबालिकाहरुको निःशुल्क शिक्षा तथा शिक्षा लिन पाउने अधिकारमा जोड दिएको थियो । सन् १९९६ को जोर्डनको राजधानी अम्मानमा सम्पन्न सम्मेलनले पनि निःशुल्क शिक्षामा जोड दिएको थियो । सन् २००१ को काठमाडौं सम्मेलनले सबैका लागि निःशुल्क शिक्षा दिने कुरामा जोड दिँदै घोषणा पत्र समेत सार्वजनिक गरेको थियो । युनेस्कोले विश्वव्यापी रुपमा शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाउनका लागि आफ्ना निर्देशक सिद्धान्तहरुको अङ्गिकार गरी अगाडि बढ्न संयुक्त राष्ट्र संघका प्रत्येक सदस्य राष्ट्रहरुलाई सहयोग गर्दै आएको छ । यसरी विश्वमा विभिन्न समयमा भएका प्रयासहरुबाट निःशुल्क शिक्षा प्रदान गर्ने दिशामा प्रत्येक देशहरु आफ्नो सामाजिक आर्थिक परिवेश अनुसार अगाडि बढेको पाइन्छ ( शर्मा एण्ड शर्मा, २०६५) ।नेपालका योजनागत पक्षहरुलाई दृष्टिगत गर्ने हो भने आठौं पञ्चवर्षीय योजना वि.सं. २०४९–२०५४ ले पहिलो पटक निःशुल्क शिक्षाका लागि स्थानीय निकायलाई परिचालन गर्ने कुरा उल्लेख गरिएको थियो । त्यस योजनाले चितवनको रत्ननगर र काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा निःशुल्क प्राथमिक शिक्षाको योजना परीक्षण समेत गरेको थियो । त्यसपछि झापा र इलाममा यो कार्यक्रम सञ्चालन गरियो भने यस कार्यक्रमलाई नवौं पञ्चवर्षीय योजनाले ४० वटा जिल्लाका १, १ वटा गा.वि.स. मा कार्यान्वयनमा ल्याएको थियो । दशौं योजना २०५९–२०६४ मा यस कार्यक्रमलाई निरन्तरता दिएर छात्रा र पिछडिएका क्षेत्रका बालबालिकालाई छात्रवृत्ति

पनि दिएको थियो भने एघारौं, बाह्रौं र तेह्रौं त्रि–वर्षीय योजनामा पनि यो कार्यक्रमले निरन्तरता पाएको थियो। वर्तमान समयको चौधौँ त्रि–वर्षीय योजना पछिको पन्ध्रौँ पञ्चवर्षीय योजनामा आधारभूत तहको शिक्षालाई देशव्यापी निःशुल्क बनाउन यसका आवश्यक पक्षहरु (दिवाखाजा, पोशाक, छात्रवृत्ति, स्टेसनरी सामान) मा प्रवर्धन गर्ने कुरा उल्लेख गरिएको छ। यसबाट निःशुल्क शिक्षा अझ प्रभावकारी तवरबाट कार्यान्वयनमा आउन सक्ने देखिन्छ । सबैको लागि शिक्षा कार्यक्रम सन् २००१–२०१५ अन्तर्गत नेपालमा निःशुल्क तथा अनिवार्य शिक्षामा जोड दिएको थियो। विभिन्न दातृ निकायहरुको सहयोगमा सञ्चालित यस कार्यक्रममा छात्रा, दलित, अल्पसङ्ख्यक बालबालिका, सुविधाविहिन र पिछडिएका बालबालिकाहरुलाई लक्षित समूह मानी उनीहरुको निःशुल्क तथा प्राथमिक शिक्षामा विशेष जोड दिएको थियो। यसका लागि सरकारले प्रत्यक्ष शुल्क न्यून गर्ने लक्ष्य सहित काम गरिरहेको छ। विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ मा कक्षा–८ सम्मको आधारभूत शिक्षालाई बालअधिकारको रुपमा स्थापित गरेको थियो (विद्यालय क्षेत्र सुधार कार्यक्रम, २०६६–२०७२)। वर्तमान समयमा सञ्चालित विद्यालय क्षेत्र विकास योजना (SSDP) २०७६–२०८१-०८२ ले निःशुल्क आधारभूत शिक्षामा जोड दिएको छ। यसका लागि भर्ना, पाठ्यपुस्तक, ट्युशन, परीक्षा शुल्क र पोशाकमा लाग्ने शुल्क समेत मिनाहा गर्ने विद्यार्थीहरुको बिचैमा विद्यालय छाड्ने दरलाई समेत निरुत्साहित गर्ने नीति अवलम्बन गरेको छ। यो व्यवस्था ५–१३ वर्ष उमेर समूहका बालबालिकामा लागु गरी हाल ५–१५ वर्ष उमेर समूहका केटाकेटीहरुमा कक्षा १–८ सम्म लागु गरिएको छ (आचार्य,घिमिरे र ढकाल,२०८०)। यसर्थ के शिक्षा पूर्ण रुपमा निःशुल्क गरिएको छ ? बालबालिकाको शिक्षाको शुल्क कसले तिरेको छ ? निःशुल्क शिक्षाभित्र के–के कुराहरु पर्छन ? जस्तै ट्रयुशन फि, पुस्तक, स्टेसनरी सामान, खाजा, पोसाक आदि। यी कुराहरुको खर्च कसले व्यहोर्छ ? भन्ने जस्ता प्रश्नहरु निःशुल्क शिक्षासँग सम्बन्धित केही जिज्ञासाहरु हुन्। त्यसैले यी कुराहरुलाई निःशुल्क तथा अनिवार्य शिक्षा नीतिले समेट्न सकेको छ वा छैन र छ भने कुन रुपमा समेटेको छ भन्ने कुराको विश्लेषण गर्न विशेषतः धनकुटा जिल्लालाई कार्यक्षेत्र बनाएर त्यहाँको नगरपालिक भित्रको एक माध्यमिक १–१२ सञ्चालित विद्यालय र गाउँपालिकामा अवस्थित एक आधारभूत तहको १–५ सञ्चालित निःशुल्क शिक्षाको कार्यान्वयन कसरी भएको छ ? भनी अध्ययन गर्न यो शीर्षक छनौट गरी लेख तयार पारिएको छ। यो लेख विद्यालयमा निःशुल्क शिक्षा प्रक्रियाको कार्यान्वयन कसरी भइरहेको छ भन्ने कुराको खोजी गर्नमा केन्द्रित रहेको छ। जस अनुसार यो अध्ययन मुख्य रुपमा विद्यालयमा निःशुल्क शिक्षा कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्न, निःशुल्क शिक्षा प्रक्रिया कार्यान्वयनमा देखिएका समस्याहरु विश्लेषण गर्न तथा विद्यालयमा दिइने शिक्षा निःशुल्क गर्ने विषयमा देखिएका समस्या समाधानका उपायहरु सुझाउनमा केन्द्रित रहेको छ।

## विधि तथा सामग्री

यो अध्ययन सम्पन्न गर्न अनुसन्धानकर्ताले छनौट गरिएका विद्यालयमा आफै गई अन्र्तवार्ता, छलफल र प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ। त्यसैले यो अनुसन्धान पूर्णत गुणात्मक ढाँचामा आधारित भई तयार पारिएको छ। गुणात्मक अनुसन्धानमा संख्या भन्दा शब्दहरुको अर्थ र बुझाइसँग बढी सम्बन्धित हुन्छ (Cress,2012)। यसका अतिरिक्त गुणात्मक अनुसन्धानका बारेमा विभिन्न विद्वानहरुले प्रस्तुत गरेका धारणा समेत यहाँ प्रस्तुत गरिएको छ। सामान्यतः गुणात्मक अनुसन्धानमा तथ्याङ्कको संकलनपछि मात्र विश्लेषण गरिन्छ। यो अनुसन्धानकर्ता केन्द्रित हुन्छ (Panta,2009)। गुणात्मक अनुसन्धान प्राकृतिक अनुसन्धान हो। यसले समस्याको प्राकृतिक अवस्थामा नै रहेर विस्तृत र प्रत्यक्ष अध्ययन गर्छ (खनाल, २०८०)। यद्यपि यो गुणात्मक अनुसन्धान भएकाले यसमा विभिन्न अवस्था, घटना तथा समस्याको अध्ययन गर्न शाब्दिक रुपमा

संकलन गरिएका असाङ्खिक सूचना तथा जानकारीहरुलाई तार्किक विधिबाट विश्लेषण गरी निष्कर्षमा पुगिएकाले सम्बन्धित क्षेत्रमा अनुसन्धानकर्ता आफै गई छनौटमा परेका विद्यालयमा निःशुल्क शिक्षा प्रणालीको कार्यान्वयन पक्षको अध्ययन गरिएको छ ।

यो अध्ययन कार्य सम्पन्न गर्न धनकुटा नगरपालिका अन्तर्गत रहेका ९ वटा माध्यमिक विद्यालय मध्ये १ वटा र सहिदभूमि गाउँपालिका भित्र रहेका १७ वटा प्राथमिक विद्यालय मध्ये १ वटा विद्यालयलाई सुविधाजनक नमुना छनौट पद्धतिको आधारमा छनौट गरिएको छ । जसमा तथ्याङ्क सङ्कलनगर्दा २ वटा विद्यालयका, २ जना प्र.अ. र २ वटा विद्यालय २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष स्वत रुपमा नमुना छनौटमा परेका छन् । उनीहरुसँग अन्तर्वार्ता मार्फत तथ्याङ्क सङ्कलन गरिएको छ भने माध्यमिक तहको विद्यालयमा अध्ययन गर्ने कक्षा–९ बाट १, कक्षा–१० बाट १, कक्षा–११ बाट २ जना र कक्षा–१२ बाट २ जना गरी जम्मा ६ जना विद्यार्थीलाई गोलाप्रथाबाट छनौट गरी प्रश्नावली भराई तथ्याङ्क लिइएको छ भने तिनै विद्यार्थीका अभिभावकहरुसँग सामूहिक छलफल गरी आवश्यक तथ्याङ्क लिइएको छ । आधारभूत तहको विद्यालयमा भने कक्षा–२ देखि कक्षा–५ सम्मका विद्यार्थीहरुलाई पनि गोला प्रथाबाट छनौट गरी सामूहिक छलफल गराई तथ्याङ्क लिइएको छ भने तीनै विद्यार्थीका अभिभावकसँग छलफल निर्देशिका बनाइ विषयवस्तुसँग सम्बन्धित रही छलफल गरी तथ्याङ्क लिइएको छ । लिइएका तथ्याङ्कलाई उत्तरदाताको वास्तविकता र प्राकृतिक अवस्थामा बाधा नपुग्ने गरी प्रशोधन गर्दै तार्किक एवम् वर्णनात्मक रुपले व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## परिणाम र छलफल

यस अध्ययन कार्यबाट प्राप्त तथ्याङ्कलाई उद्देश्य अनुसार विभिन्न मुख्य शीर्षक र उपशीर्षकमा विभाजन गरेर व्याख्या विश्लेषण गरिएको छ । विद्यालयमा निःशुल्क शिक्षा कार्यान्वयनको वर्तमान अवस्थाको पहिलेदेखि नै थोर बहुत हुँदै आए तापनि हाल आएर माध्यमिक तह सम्मको शिक्षा राज्यले नै पूर्णतः निःशुल्क गरेको छ । यो सम्बन्धमा कार्यान्वयनको अवस्था के छ भनी अनुसन्धानकर्ता छनौटमा परेका विद्यालयमा गई नमुना छनौटमा परेका व्यक्तिहरुसँग अन्तर्वार्ता मार्फत तथ्याङक सङ्कलन गर्दा पाइएका कुरा निम्न छन्:

### प्रधानाध्यापकको धारणा

विद्यालयमा लिइने शुल्कको अवस्था कस्तो छ ? भनी प्रधानाध्यापकसँग जिज्ञासा राख्दा उहाँको भनाइ यसप्रकार रह्यो– "विद्यालय सञ्चालनका लागि सरकारले दिएको रकमले मात्र अपुग भएकाले नगरपालिका भित्रको माध्यमिक विद्यालयले भर्ना शुल्क, परीक्षा शुल्क, खेलकुद शुल्क, पुस्तकालय शुल्क, ट्युशन शुल्क, सरस्वती पूजामा लिने शुल्क, यातायात शुल्क, शैक्षिक भ्रमण शुल्क, दिवा खाजा शुल्क र विविध क्षेत्र गरी शुल्क लिने गरेको जसमा भर्ना शुल्क लिँदा चाहि तह र कक्षा अनुसार रसिद काटेर शुल्क लिने गरेको र अन्यमा चाहि व्यवस्थापन समिति र शिक्षकहरु बसी समझदारीमा शुल्क लिने गरेको बताउनु भयो भने प्राथमिक तहको विद्यालय प्र.अ.ले. चाहि भर्ना शुल्क, परीक्षा शुल्क, सरस्वती पूजाको लागि लिने शुल्क र विविध क्षेत्र शीर्षकमा

व्यवस्थापन समितिसँगको परामर्शमा शुल्क लिने गरेको बताउनुभयो। तर सबै विद्यार्थीको कक्षागत रुपमा कागजमा नाम लेखी अभिलेख राख्ने गरेको रसिद नदिने गरेको बताउनु भयो।"

विद्यार्थीहरुसंग शुल्क लिदा अभिभावक,विद्यालय व्यवस्थापन समिति,स्थानीय जनप्रतिनिधि, सरोकारवाला अन्य पक्ष,माथिल्लो निकायका व्यक्ति संगपनि परामर्श गरि ईल्टन मायोको मानव सम्वन्धको सिद्धान्त अनुरुप सबैसँग आपसमा असल सम्वन्ध कायमगरि शुल्क लिनैपर्ने भए केका आधारमा कसरि लिने सो कुरा सवैलाई प्रष्ट हुनु पर्छ।

**विद्यालय व्यवस्थापन समितिका अध्यक्षको धारणा**

तपाईँको विद्यालयमा के, कति प्रकारका शीर्षकमा विद्यार्थीसँग शुल्क लिने गर्नुहुन्छ ? भन्दा उहाँको भनाई यस्तो रह्यो– "विद्यालयमा समय–समयमा नियमित र काबुबाहिरको परिस्थिति आइपर्दा नगरपालिकाको माध्यमिक विद्यालयका वि.व्य.स. का अध्यक्षले आवश्यकताका आधारमा प्र.अ.सँग सल्लाह गरी समितिबाट निर्णय गरी भर्ना, खेलकुद, पुस्तकालय, यातायात, दिवा खाजा र विविध शीर्षकमा केही शुल्क लिने गरेको बताउनु भयो तर ट्युशन शुल्क, सरस्वती पूजाको शुल्क, परीक्षा शुल्क र शैक्षिक अवलोकन भ्रमण शुल्क चाहि विद्यालयमा प्र.अ. र सरहरुले निर्धारण गरे अनुसार लिने गरेको बताउनु भयो भने प्राथमिक विद्यालयका वि.व्य.स. अध्यक्षले चाहि भर्ना शुल्क चाहि वि.व्य.स.को निर्णयका आधारमा लिने गरेको तर परीक्षा शुल्क, सरस्वती पूजा शुल्क र विविध शुल्क चाहि सरहरुले निर्णय गरेको आधारमा लिने गरेको कुरा बताउनु भयो।"

निःशुल्क शिक्षाको मर्मअनुसार सके सम्म विद्यालयले विद्यार्थीसंग कुनै शीर्षकमा शुल्कलिनु हुदैन। नेपालको संविधान २०७२ ले पनि माध्यमिकतह सम्मको शिक्षा पूर्णत निःशुल्क हुनेछ भनि शिक्षासम्वन्धि हकमा उल्लेख गरेकाले र विद्यालय संचालनको नीति बनाउने एउटा तह विद्यालय व्यवस्थापन समिति पनि भएकाले आफ्नो विद्यालयको भौतिक,शैक्षिक,आर्थिक अवस्था लाई अध्ययन गरि सवै संग समन्वय गरि विगतको अवस्था,वर्तमान स्थिति र भविश्यमा आई पर्ने चुनौतिलाई समेत ख्याल गरि शिक्षालाई कसरि पुरै निःशुल्क गर्न सकिन्छ सो को समेत अध्ययन गरि आवश्यक निर्णय लिदा राम्रो हुन्छ।

**विद्यार्थीको धारणा**

तिमीहरु विद्यालयमा वर्षमा कतिपटक कुन–कुन शीर्षकमा शुल्क बुझाउछौँ भनी प्रश्नावली मार्फत उत्तर माग्दा उनीहरुको उत्तर यस्तो रह्यो– "माध्यमिक विद्यालयका विद्यार्थीले कक्षामा नाम लेख्न आउँदा भर्ना शुल्क र विविध शुल्क तिर्ने गरेको, परीक्षाको समयमा परीक्षा सुरु हुनुभन्दा ७ दिन अगाडि नै बुझाउने गरेको, यातायातका साधन प्रयोग गर्नेले प्रति महिना यातायात शुल्क बुझाउने गरेको, खाजा शुल्क प्रतिमहिना, सरस्वती पूजाको समयमा पूजा हुनु २ दिन अगावै शुल्क बुझाउने गरेको, ट्युशन सबैलाई अनिवार्य नगरी ऐच्छिक रुपमा पढ्ने व्यवस्था भएकाले पढ्न सुरु हुन थालेपछि ट्युशन पढ्ने जतिले बुझाउने गरेको, खाजा शुल्क प्रतिमहिना सरहरुले भने बमोजिम बुझाउने गरेको तथा शैक्षिक अवलोकनमा जाने विद्यार्थीले भ्रमणमा जानु ५ दिन अगाडि सम्ममा नै शिक्षकहरुले भने अनुसारको शुल्क बुझाउने गरेको कुरा उत्तर मार्फत प्राप्त भयो भने प्राथमिक तहका विद्यार्थीले विद्यालय जान थालेपछि भर्ना शुल्क बुझाउने गरेको, परीक्षा आउने समयमा परीक्षा शुल्क बुझाउने गरेको र

सरस्वती पूजामा लाग्ने शुल्क चाहि पूजा हुनुभन्दा २ दिन अगावै बुझाउने गरेको कुरा उनीहरुले दिएको उत्तर मार्फत प्राप्त भयो ।"

शुल्क बुझाउने विषयमा सवै भन्दासमस्या विद्यार्थीलाई परेको पाईयो किनकि शिक्षकहरुले शुल्क उठाउने समयमा विद्यार्थी संग शुल्क पनि मागिरहने तर अभिभावक संग भनेकै समयमा पैशापनि नहुने हुदा विद्यालयमा साथिहरुका विच हिनतावोधको भावना उत्पन्न हुदा अर्को दिनदेखि विद्यालय जाननै असहज भएकाले यस्तो अवस्थालाई अन्त्य गर्न जिम्मेवार पक्ष सवै सजक भई यस्तो अवस्था आउनै नदिने वातावरण सृजना गरि विद्यार्थी लाई विद्यालयमा तनावमुत्त वातावरणमा सहज ढंगले अध्ययन गराउने व्यवस्था मिलाउनु पर्छ ।

**अभिभावकको धारणा**

विद्यालयले लिने गरेको शुल्कका विषयमा अभिभावकहरुसँग अनुसन्धानकर्ता बसी तपाईहरु के–के शीर्षकमा कहिले–कहिले आफ्ना बालबच्चाको शुल्क विद्यालयलाई बुझाउनु हुन्छ भनेर जिज्ञासा राख्दा उहाँहरुको भनाइ यस्तो रह्यो– "विद्यार्थी विद्यालयमा जान थालेपछि भर्ना शुल्क बुझाउने गरेको र अन्य शुल्क चाहि विद्यार्थीहरुले कहिले–कहिले कति–कति माग्छन् सोही अनुसार बुझाउने गरेको र सबै शुल्कको शीर्षक थाहा नपाएको कुरा बताउनुभयो ।"

शुल्कका विषयमा केकस्ता शीर्षकमा कति शुल्क लिने भन्ने विषयमा अभिभावकलाई पूर्ण जानकारी गराउनु पर्छ । निःशुल्क शिक्षा कार्यान्वयनमा देखिएका समस्याहरु सरकारले माध्यमिक तहसम्मको शिक्षा पूर्णत निःशुल्क गरेको छ । पाठ्यपुस्तक सबै विद्यार्थीले विद्यालयबाट नै निःशुल्क पाउँछन । कक्षा–५ सम्मका विद्यार्थीलाई सरकारले नै दिवा खाजा कार्यक्रम मार्फत प्रति विद्यार्थी रु. १५।– (पन्ध्र) का दरले रकम उपलब्ध गराउँछ । यसका अतिरिक्त गरिब, जेहेन्दार, छात्रा, दलित, अपाङ्ग, शहिद वा द्वन्दपीडित व्यक्तिका बालबच्चालाई छात्रवृत्ति समेत उपलब्ध गराइन्छ भने छात्रालाई स्यानिटरी प्याडको वितरण तथा अन्य धैरै प्रकारका सुविधा वापतको रकम विद्यालयलाई सरकारले उपलब्ध गराउँछ । तैपनि सामुदायिक विद्यालयको शिक्षा पूर्णत निःशुल्क हुन सकेको छैन । यसरी धैरै यस्ता व्यवस्था हुँदा पनि किन शिक्षा पूर्णत निःशुल्क हुन सकेको छैन ? यसमा के समस्या छन् भनी सरोकारवालासँगै जिज्ञासा राख्दा उहाँहरुबाट आएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**प्रधानाध्यापकको धारणा**

सरकारले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेपनि तपाईहरुले चाहि विभिन्न शीर्षकमा विद्यार्थीहरुसँग किन शुल्क लिनुभएको भनी जिज्ञासा राख्दा उहाँको भनाई यस्तो रह्यो– "सरकारले शिक्षा निःशुल्क गरेको छ । शिक्षकको पारिश्रमिक वापतको रकम सरकारले नै उपलब्ध गराउँछ सो अनुसारको रकम जति आम्दानी हुन्छ त्यति नै खर्च पनि भइहाल्छ । पाठ्यपुस्तक वितरणको लागि निकाशा भएको रकम पनि पुस्तक खरिद गरी वितरण गर्दा नै ठिक हुन्छ । छात्रवृत्ति वितरण गर्नका लागि जे–जे शीर्षकमा रकम आएको सोही शीर्षकमा खर्च गर्नुपर्ने हुन्छ तर विद्यालयमा भएका शिक्षकले मात्र बालशिक्षा देखि कक्षा–१२ सम्म अध्यापन गर्न नसक्ने भएकाले नीजि स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नु परेको विद्यालयमा प्रयोग हुने वत्ती टेलिफोन,

खानेपानी, नेट, स्टेशनरी सामान र परीक्षाको सञ्चालनका लागि आवश्यक सामग्री खेलकुदका सामग्री खरिद गर्न समय–समयमा फर्निचर मर्मत गर्न, विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप लगायत अन्य कार्य गरी उत्कृष्ट स्थान हासिल गरेकालाई पुरस्कारको व्यवस्थापन गर्न विभिन्न प्रकारका सस्तो र महंगो मूल्यका शैक्षणिक सामग्रीको खरिद गर्न दिवा खाजाको लागि प्राप्त रु. १५ ज्यादै न्यून भएकाले उक्त रकम अपुग हुँदा अन्य थप रकम व्यवस्थापन गर्न चाहि कुनै स्रोतबा रकम उपलब्ध नहुने तथा विद्यालयको छुट्टै आन्तरिक स्रोतबाट समेत रकम प्राप्त हुने अवस्था नभएकाले माथि उल्लेखित सबै शीर्षकको खर्च धान्न बाध्य भई विद्यार्थीसँग नै शुल्क लिनु परेकाले मासिक शुल्क नलिदा पनि बाध्य भई अन्य प्रत्येक क्रियाकलाप र गतिविधिका लागि शुल्क लिनै परेकाले विद्यालय शिक्षापूर्ण रुपमा निःशुल्क गर्न नसकिएको कुरा बताउनु भयो ।”

प्रधानाध्यापकका पनि विद्यालयलाई सहज संचालन गर्ने, शुल्कनै नलिई विद्यालय चलाउने सम्वन्धमा आफ्नै वाध्यताहरु छन् । विद्यालय सहज संचालनका लागि भौतिक,शैक्षिक,आर्थिक पक्षलाई सबल बनाउन वर्तमान समयमा जुनजुन शीर्षकमा जेजति रकम राज्यवाट उपलब्ध हुन्छ त्यो अति न्यून रहेछ त्यति रकमले विद्यालय संचालन हुनै नसक्ने र विद्यालयका सवै आवश्यकता पुरा हुनै नसक्ने कुरा अध्ययनको क्रममा पत्ता लाग्यो ।

**व्यवस्थापन समितिका अध्यक्षको धारणा**

वि.व्य.स. अध्यक्षसँग सरकारले माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क गरे पनि तपाईको विद्यालयलाई चाहि के समस्या पर्यो र अनेक शीर्षकमा विद्यार्थीसँग शुल्क लिनुहुन्छ ? भन्दा उहाँको धारणा यस्तो रह्यो– “हाम्रो विद्यालयको आन्तरिक आम्दानीको छुट्टै स्रोत नभएको अभिभावकको अंग्रेजी भाषा प्रतिको मोह बढ्दै गएकाले बोर्डिङ्ग स्कुलको जस्तो अंग्रेजी माध्यमबाट पढाउन नीजि स्रोतबाट पारिश्रमिक दिइ छुट्टै शिक्षक राख्नु परेको विद्यालयमा समय–समयमा गरिने विभिन्न क्रियाकलापका लागि छुट्टै स्रोत कहिबाट प्राप्त नहुने टाढा–टाढा बाट यो विद्यालय रोजेर अध्ययन गर्न आउने विद्यार्थीलाई दैनिक पैदल आवत–जावत गर्न असम्भव भएकाले यातायातको साधन खरिद गरिएको तर इन्धन खर्च चालक र सह–चालकका लागि आवश्यक पर्ने रकम कहिबाट नआउने हुँदा सो का लागि आवश्यक रकम तिनै विद्यार्थीबाट लिनुपर्ने, विद्यार्थीको क्षमता, आवश्यकता र विद्यालयको शैक्षिक उपलब्धि वृद्धि गर्न अतिरिक्त कक्षा ट्युशन चलाउनु पर्ने तर उक्त कक्षा अतिरिक्त प्रकृतिको भएकाले अध्यापन गराउने शिक्षकलाई पारिश्रमिक दिन तिनै विद्यार्थीबाट शुल्क लिनुपर्ने, विद्यालयमा समय–समयमा आइपर्ने अनुमान नगरिएका समस्या आउनु र दिवा खाजा कार्यक्रम सरकारले सञ्चालन गरे पनि सो वापत जम्मा प्रति विद्यार्थी रु. १५ उपलब्ध हुनु तर वर्तमान बजारमूल्य हेर्दा सो रकम ज्यादै न्यून भई अपुग रकमको व्यवस्थापन गर्न पनि विद्यार्थीसँग नै शुल्क लिनु परेकाले शिक्षा पूर्ण रुपमा निःशुल्क गर्न नसकिएको कुरा उहाँले बताउनुभयो ।”

विद्यालय व्यवस्थापन समिति आवधिक हुन्छ यस्तो अवस्थामा उसलाई पनि सवै प्राविधिक कुरा थाहा नहुने भएकाले उत्त विषयमा सवैलाई समेटि निर्णय गर्न जटिलसमस्या परेको कुरा वुझियो । छलफलको क्रममा आफूले सकेसम्म सवै निकायहरु संग समन्वयगर्ने गरेको,विद्यालयमा प्र.अ.,शिक्षकहरुसँग सल्लाह गरेर सोही आधारमा केही शुल्क लिने गरेको कुरा छलफलबाट अवगत भयो ।

**विद्यार्थीको धारणा**

विद्यालयमा निःशुल्क शिक्षा कार्यान्वयनका सम्बन्धमा नमूना छनौटमा परेका विद्यालयका विद्यार्थीहरुलाई तिमीहरु विद्यालयमा किन शुल्क बुझाउँछौँ ? शुल्क सजिलै बुझाउन सकिन्छ भनी प्रश्नावली मार्फत उत्तर लिँदा उत्तर यस्तो आयो– "हामी सयम–समयमा (भर्ना, परीक्षा, सरस्वती पूजा, शैक्षिक अध्ययन भ्रमण) विद्यालयमा सरहरुले भने अनुसार शुल्क बुझाउँछौ । भर्नामा सबैले अनिवार्य रुपमा भर्ना शुल्क एकमुष्ट बुझाउँछौ । यसका अतिरिक्त खेलकुद, अतिरिक्त क्रियाकलाप, पुस्तकालय जस्ता अन्य विषयमा शुल्क बुझाउँछौ । सबै भर्ना शुल्क के को लागि, किन लिएको आफूलाई थाहा नभएको, खेलकुद शुल्क बुझाए वापत भलिबल, लुडो, रिङ, फुटबल जस्ता सामग्री खेल्न पाएको, पुस्तकालय शुल्क बुझाएको तर पुस्तकालयमा खासै पुस्तक नभएको, परीक्षाको समयमा सरहरुले भने बमोजिम शुल्क सबैले अनिवार्य रुपले बुझाउने गरेको, सरस्वती पूजामा बुझाउनुपर्ने, शुल्क नबुझाए पूजामा भाग लिन नपाइने हो कि ? भन्ने डरले शुल्क बुझाएको तर भौगोलिक भ्रमणमा विद्यालयले निर्धारण गरेको शुल्क ज–जसले बुझाउन सक्छन्, उनीहरु मात्र भ्रमणमा जान पाएको शुल्क बुझाउन नसक्ने भ्रमणमा जान नपाएको हुँदा शुल्क बुझाउन नसक्नेले आफूलाई जान मन हुँदा पनि जान नपाएको कुरा बताए । यद्यपि तल्लो वर्गका विद्यार्थीले भने आफूले घरमा बाबु आमालाई सरहरुले पैसा ल्याउनु भनेपछि मागेको तर उहाँहरुसँग पैसा नभएकाले सरहरुले भनेकै समयमा पैसा लान नसक्दा धेरै पटक गाली खानु परेको कुरा बताए ।"

विद्यालय शिक्षा निःशुल्क भनेपछि पनि विद्यार्थीसंग शुल्क लिनु अन्याय हो । रकम संकलनका धेरै स्रोतहरु हुन्छन् ती स्रोतहरु पहिचान गरी विद्यालय संचालक र सरोकारवालाहरु सवैमिलि विद्यार्थीलाई विद्यालयमा साथीहरु समक्ष सहजता पूर्वक बस्न सक्ने वातावरण निर्माण गरिदिनु पर्छ कुनैपनि हालतमा द्यिार्थीलाई विद्यालयमा समस्या हुन असहज हुने वातावरण सृजना गर्नु हुदैन ।

**अभिभावकको धारणा**

विद्यालयमा निःशुल्क शिक्षाको कार्यान्वयन भन्ने शीर्षक नमुना छनौटमा परेका विद्यालयका अभिभावकहरुसँग अहिले सरकारले विद्यालय शिक्षा निःशुल्क गरेको छ त्यो कुरा तपाईँहँरुलाई थाहा छ ? तपाईँहँरु आफ्ना बालबच्चाको लागि विद्यालयमा शुल्क बुझाउनु हुन्छ ? बुझाउनु हुन्छ भने किन र कहिले, कुन शीर्षकमा शुल्क बुझाउनु भनी सामुहिक छलफल गर्दा उहाँहरुको भनाइ यस्तो रह्यो– "विद्यालय शिक्षा निःशुल्क छ भन्ने कुरा आफूलहरुले सुनेको तर आफ्ना बालबच्चाले समय–समयमा सरहरुले भनेको पैसा ल्याउनु भन्नु भएको छ दिनु भनेर माग्छन् । कहिले भर्ना, खेलकुद, पुस्तकालय, सरस्वती पूजा, भौगोलिक भ्रमण भनी पटक–पटक पैसा माग्दा आफूलाई समस्या भएको र कहिले काही विद्यालयमा गई शिक्षकहरुसँग किन शुल्क लिनुभएको भनी बुझ्दा यो विद्यालय सञ्चालन गर्न व्यवस्थापन समितिले निर्णय गरेको त्यसैले बुझाउनै पर्छ भन्ने उत्तर आउँदा आफूले तोकेको शुल्क बुझाउने गरेकोले वास्तवमा आफूलाई निःशुल्क शिक्षा छ जस्तो अनुभव नभएको शिक्षा लिन शुल्क तिर्नैपर्छ भन्ने लागेको कुरा बताए ।"

विद्यालय संचालनका प्रमुख सरोकारवाला पक्ष अभिभावकहरु हुन् उनीहरुले नै आफ्ना बालबालिका लाई दिनहुँ विद्यालय पठाउछन विद्यार्थी भनेका विद्यालयका मुख्य सम्पत्तिहुन विद्याथी विनाको विद्यालय कल्पना

पनि गर्न सकिदैन  अभिभावकहरु सवैको आर्थिक हैसियत एकै प्रकारको नहुने भएकाले विद्यालयले निर्धारण गरेको शुल्कपनि सवैले समयमा बुझाउन सक्दैनन त्यसैले यो गम्भीर समस्याकै विषय रहेछ। अभिभावकले विद्यालयलाई विभिन्न समयमा आफुले केहि न केहि रकम वुझाई नै रहेकाले आफुलाई निःशुल्क शिक्षाको कुनै आभासनै नभएको कुरा अभिभावक संगको सामुहिक छलफल वाट जानकारी भयो। विद्यालय शिक्षा निःशुल्क गर्ने विषयमा देखिएका समस्या समाधानका उपायहरु माथि उल्लेखित विषयहरुलाई अध्ययन गर्दा वास्तवमा विद्यालय शिक्षा अझसम्म पनि पूर्णत निःशुल्क छैन। धेरै शीर्षकमा पटक–पटक विद्यार्थीले विद्यालयमा शुल्क बुझाउने गरेकाले निःशुल्क शिक्षाको मर्ममा ठूलो प्रश्न चिन्ह खडा भएको छ। त्यसैले शिक्षा आर्जन गर्न विद्यार्थीले कहिल्यै पनि, कुनै पनि शीर्षकमा शुल्क नै नलिई विद्यालय शिक्षा पूर्ण रुपमा निःशुल्क कसरी गर्न सकिन्छ भनी सरोकारवालाहरुबाट नै उपाय समेत खोजी गर्दा प्राप्त उपायहरुलाई निम्नानुसार उल्लेख गरिन्छ।

**प्रधानाध्यापकको धारणा**

विद्यालय शिक्षालाई सरकारले पूर्णत निःशुल्क गरेको छ। यद्यपि तपाईँहरुले विभिन्न शीर्षकमा किन शुल्क लिनु भएको ? शुल्क नलिई विद्यार्थी वा अभिभावकलाई शिक्षा निःशुल्क छ भन्ने अनुभूति दिलाउन के गर्नुपर्ला भनी सोध्दा उहाँहरुको भनाइ यस्तो रह्यो– "सरस्वती पूजा सबै विद्यार्थी र शिक्षकका लागि भएकाले यसमा आपसी समझदारीमा केही रकम उठाउँदा शिक्षा निःशुल्क छैन भन्न नमिल्ने, शैक्षिक अवलोकन भ्रमण विद्यार्थीको कक्षागत स्तर अनुसार सबै अभिभावकसँग सल्लाह गरी आवश्यकता अनुसार वर्षको एक पटक सामान्य शुल्क लिँदा त्यसलाई नै आधार मानेर शिक्षा निःशुल्क छैन भन्न पनि नमिल्ने तर विद्यालय सञ्चालनका लागि आवश्यक अन्य पक्ष भौतिक निर्माण, मर्मत, सुधार, खेलकुद, परीक्षा, अन्य स्टेशनरीका लागि आवश्यक पर्ने रकम शैक्षिक सामग्री निर्माण, मर्मत र खरिदका लागि आवश्यक पर्ने आदि इत्यादि विद्यालयमा भएको खर्चको बिल भरपाई हेरी सम्बन्धित स्थानीय निकाय, प्रदेश वा केन्द्र सरकारले नै सो को व्यवस्थापन गरिदिए मात्र शिक्षा पूर्णत निःशुल्क हुन सक्ने र विद्यार्थीसँग पनि बारम्बार शुल्क लिनु नपर्ने अवस्था हुन्छ भन्ने कुरा बताउनुभयो।"

प्रधानाध्यापक भनेको विद्यालयको प्रशासक,व्यवस्थापक,योजनाकार, सुपरिवेक्षक,नीति निर्माता,अनुगमनकर्ता सवै हुन् वहाँलाई नै विद्यालयका सवै समस्या राम्रोसँग थाहाहुन्छ विद्यालयको विगतको अवस्था, वर्तमान अवस्था र भवश्यमा सामना गर्नु पर्ने चुनौती पनि जानकारी हुनेहुदा केहि न केहि थप रकमका लागि प्रस्तावना वनाई स्थानियपालिका,सरकारी र गैहसरकारी संस्था,दातृ निकाय,प्रदेश सरकार लगाएतका विभिन्न निकायवाट स्रोत संकलन गरी सकभर विद्यार्थी संग चाहि शुल्क नलिने वातावरण निमार्ण गर्नु पर्छ।

**विद्यालय व्यवस्थापन समितिका अध्यक्षको धारणा**

सरकारले विद्यालय तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क घोषणा गरिसक्दा पनि तपाईँहरु चाहिँ किन निर्णय नै गरेर विद्यार्थीसँग शुल्क लिनुहुन्छ भनी सोध्दा उहाँहरुको भनाई यस्तो रह्यो– "विद्यालय व्यवस्थित रुपले सुविधा सम्पन्न हिसाबले सञ्चालन गर्न अन्य धेरै कुराको आवश्यक पर्ने रहेछ। त्यसको लागि विद्यालयसँग कुनै स्रोत नभएकाले अन्य सरकारी कार्यालय जस्तै विद्यालय सञ्चालनको लागि चाहिने सबै रकम आवश्यकताको

आधारमा सरकारले नै उपलब्ध गराए मात्र विद्यालयमा विद्यार्थीसँग शुल्क नै नलिई अध्ययन–अध्यापन गर्न सकिने कुरा बताउनु भयो ।"

अध्यक्षको धारणालाई नै आधारमान्दा वास्तवमा विद्यालयतह को शिक्षा पूर्णत निःशुल्क हुनेछ भनि संविधानमानै उल्लेख गरेकाले राज्यले एउटा विद्यालय संचालन गर्न सम्पूर्णशीर्षकमा गरि वार्षिक कति वजेटको आवश्यक पर्छ सो सवै उपलब्ध गराउनु पर्छ र मात्र शिक्षा पूर्णत निःशुल्क हुनसक्छ ।

**विद्यार्थीको धारणा**

शिक्षा आर्जन गर्न शुल्क नै तिर्नु नपर्ने अवस्था सृजना कसरी गर्न सकिएला भनी प्रश्न निर्माण गरी उत्तर माग्दा उनीहरुबाट आएको उत्तर यस्तो रह्यो– "आफूले विद्यालयमा पाउनुपर्ने सेवा सुविधा चाहि सबै पाउनुपर्ने तर त्यसको व्यवस्था चाहि विद्यालयले नै गर्नुपर्ने आफूलाई पटक–पटक घरमा पैसा मागी विद्यालयले भनेको समयमा नै पैसा बुझाउन ज्यादै कठिन भएको कुरा उल्लेख गरे ।" मनोवैज्ञानिक रुपमा पनि विद्यालयमा अध्ययन गर्न आउने विद्यार्थीलाई कुनै तनाव दिनु हुदैन अझ विभिन्न शीर्षकमा रकम संकलन गर्नुनै परे द्यिार्थीका अभिभावकलाई खवर गरी शुल्क लिनुपर्ने शीर्षकको विषयमा जानकारी गराई उहाँहरु मार्फत शुल्क लिदा राम्रो हुन्छ ।

**अभिभावकको धारणा**

सरकारले माध्यमिक तह सम्मको शिक्षा पुरै निःशुल्क भने पनि तपाईहरुले चाहि समय–समयमा शुल्क बुझाइ नै रहनु भएको छ । त्यसैले शिक्षा निःशुल्क छ भन्ने अनुभव तपाईँहरुलाई दिलाउन अब के गर्नुपर्ला भन्ने विषयमा उहाँहरुसँग छलफल गर्दा उहाँहरुको भनाई यस्तो रह्यो– "विद्यालय तहको शिक्षा निःशुल्क भने पनि आफूहरुले पटक–पटक विभिन्न शीर्षक र समयमा विद्यालयमा शुल्क बुझाइरहेकाले विद्यालयको शिक्षा निःशुल्क छैन, शुल्क तिर्नैपर्छ । यस्तो अवस्थालाई अन्त्य गरी शुल्क तिर्नै नपर्ने अवस्था सृजना गर्न विद्यालयले, शिक्षक, प्र.अ., वि.व्य.स. र सरकारले चासो लिएर सो कुरा कार्यान्वयन गराउन सकेपछि मात्र शिक्षा पूर्ण रुपले निःशुल्क हुन्छ भन्ने धारणा उहाँहरुको रह्यो ।

शिक्षा निस्शुल्क भए पनि विभिन्न शीर्षकमा बारम्बार शुल्क लिई रहदाँ शिक्षा निस्शुल्क छ भन्ने आभाष अभिभावकलाई पनि नभएकाले विद्यालय प्रशासन र व्यवस्थापन समिति ले वार्षिक रुपमा अभिभावक भेला बोलाई विद्यालय संचालनको लागि आवश्यक पर्ने रकम र सो आउने स्रोतको समेत जानकारी गराउनु पर्छ अब बाँकी कति बजेट आवश्यक पर्छ त्यसको अनुमानित विवरण अभिभावक भेलामा पेशगर्नु पर्छ र अभिभावक भेलाबाट भएको निर्णयका आधारमा मात्र उहाँहरुलाई सहमत गराई शुल्क लिदा राम्रो हुन्छ ।

**निष्कर्ष**

सन् १९४८ को राष्ट्रसँगको मानव अधिकार सम्बन्धी घोषणा पत्रले शिक्षालाई व्यक्तिको आधारभूत आवश्यकतामा समावेश गरेको छ । सन् १९९० को थाइल्याण्डको जोम्तिनमा भएको सबैको लागि शिक्षा भन्ने अन्तर्राष्ट्रिय सम्मेलनले पनि शिक्षा सबैको पहुँचमा हुनुपर्ने कुरामा जोड दिएको छ ।नेपालको संविधान २०७२ ले पनि शिक्षालाई व्यक्तिको मौलिकहकको रुपमा लिई सबैलाई माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गराउने भनी

कटानी नै गरेको छ । तर विद्यालय सञ्चालनको लागि शिक्षकका पारिश्रमिक, भौतिक, निर्माण, मर्मत, खेलकुद, पुस्तकालय, परीक्षा, दिवाखाजा, सरस्वती पूजा, शैक्षिक अवलोकन भ्रमण जस्ता अनेक क्रियाकलाप सञ्चालन गर्न ठूलो मात्रामा रकमको आवश्यकता पर्छ तर सरकारले विद्यालयमा स्वीकृत दरबन्दी अनुरुपको शिक्षकहरुको पारिश्रमिक चाहि सबै उपलब्ध गराउने बाँकी अन्य कामको व्यवस्थापन गर्न निश्चित शीर्षकमा सीमित रकम कहिले काही मात्र उपलब्ध गराउने गरेकाले उक्त रकमले मात्र विद्यालय व्यवस्थित रुपमा सञ्चालन हुन कठिन हुने भएकाले विद्यालयको वर्तमान अवस्था र आवश्यकता हेरी उल्लेखित गतिविधि सञ्चालन गर्न आवश्यक रकम पनि स्थानीय निकाय, प्रदेश र केन्द्रिय सरकार कहाँबाट दिने हो उपलब्ध गराउनु पर्छ । बरु त्यसको माग गरेको विवरण प्राप्त आम्दानी, खर्चको विवरण पारदर्शी भई प्रत्येक वर्ष लेखापरीक्षण गराई विश्वासनीयता दिलाए दिने निकायले पनि आवश्यकताको आधारमा बजेट उपलब्ध गराइरहने र विद्यालयका आवश्यकता पनि पुरा हुँदै गए मात्र विद्यार्थीसँग शुल्क नलिई पूर्णत निःशुल्क शिक्षा उपलब्ध गराउने वातावरण सृजना गर्न सकिन्छ ।

## सन्दर्भसामग्रीसूची


आचार्य, पदमराज, घिमिरे, मित्रप्रसाद र ढकाल, कैलाश (२०८०), *माध्यमिक तह दिग्दर्शन*, विद्या विकास पब्लिकेशन प्रा.लि. ।

कानुन किताब व्यवस्था समिति (२०७२), *नेपालको संविधान* ।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेशन प्रा.लि. ।

ढुङ्गाना, जीवन (२०७९), *शिक्षा र विकास,* पिनाकल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, होमनाथ र जि.सी. कृष्णबहादुर (२०८०), *समसामयिक शैक्षिक मुद्धाहरु,* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि. ।

लुइटेल, रमेशप्रसाद (२०६६), *नेपालको आधुनिक शैक्षिक सामान्य ज्ञान*, पिनाकल पब्लिकेसन प्रा.लि.।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६५), *नेपालमा प्राथमिक शिक्षा,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शिक्षा मन्त्रालय (२०६६–२०७२), *विद्यालय क्षेत्र सुधार कार्यक्रम दस्तावेज* ।

Creswell, J. W. (2014). *Research design: Qualitative, Quantitative, and Mixed Methods Approaches*. SAGE.

Panta, P. R. (2009). *Social Science Research and Thesis Writing (Eds).* Buddha Academic Publisher and Distributers Pvt. Ltd.